मो: ९८५५०३६४१२
इमेल:pmamp.piu.parsa@gmail.com
वेभसाइट: parsa.pmamp.gov.np

नेपाल सरकार

कृषि तथा पशुपंक्षि विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

परियोजना कार्यान्वयन इकाई, पर्सा

प.स.: ०७७/०७८ मितिः २०७७।०७।१९

च.नं.

## न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन गर्न पर्सा जिल्ला स्थित सहकारी संस्थाहरुको लागि सुचना ।

नेपाल सरकारले निर्धारण गरेको धानको न्यूनतम समर्थन मुल्यमा धान खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७, नेपाल सरकार मन्त्रिपरिषद बाट मिती २०७७।०७।०४ बाट स्विकृत भएको र जिल्ला स्तरमा यस परियोजना कार्यान्वयन इकाई बाट सहजीकरण, समन्वय तथा सहकार्य गर्ने भएकोले पर्सा जिल्लाभित्र धान खरिद गर्न चाहने सहकारी संस्थाहरुले यस आ.व. २०७७।७८ को लागि तपशिल वमोजिमको कार्यहरु गर्नहुन/गराउन अनुरोध गरिन्छ ।

**तपशिल:**

१. पर्सा जिल्ला भित्र धान खरिद गर्न चाहने सहकारी संस्थाहरुले धान खरिद गर्ने स्थानिय तह र वडा समेत खुलाई कार्यक्षेत्र माग गर्ने तथा न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७ को दफा ४ बमोजिम आवश्यक कागजात सहित सुचिकरणको लागि यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस परियोजना कार्यान्वयन इकाई पर्सामा निवेदन पेश गर्ने ।

२. धान उत्पादकहरुको विवरण संकलन गरी धानको अनुमानित परिमाणको एकिकृत विवरण परियोजना कार्यान्वयन इकाई, पर्सामा उपलब्ध गराउनु पर्ने ।

३. नेपाल सरकारले निर्धारण गरेको धानको न्यूनतम समर्थन मूल्य मोटा धान रु २७३५/- प्रति क्वीन्टल र मध्यम धान रु २८८५/- प्रति क्वीन्टल मा धान खरिद गर्ने व्यवस्था मिलाउने ।

४. सहकारी संस्थाले धान खरिद गर्दा बढीमा १८ प्रतिशत सम्म चिस्यान भएको धान न्यूनतम समर्थन मूल्यमा खरिद गर्नुपर्ने र सो भन्दा बढी चिस्यान भएमा प्रति एक प्रतिशत बढि चिस्यान बराबर १२०० ग्राम प्रति क्विन्टलका दरले हुन आउने तौललाई घटाई कायम हुन आउने तौलका आधारमा खरिद गर्ने ।

५. सहकारी संस्थाहरुले उत्पादकहरुबाट धान खरिद गरेको मितिले १५ दिन भित्र सम्बन्धितको बैङ्क खातामा रकम भुक्तानी गर्नुपर्ने ।

६. न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका बमोजिम कार्य सम्पन्न पश्चात धानको भण्डारण, सुरक्षा र प्याकेजिङ्ग लगायतको व्यवस्थापनका खर्चका लागि प्रति क्वीन्टल एक सय बाह्र रुपैयाको दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने अनुदान वापतको एकमुष्ट रकम सम्बन्धित सूचिकृत सहकारीको बैङ्क खातामा जम्मा गरिदिने छ ।

अन्य व्यवस्था न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७ बमोजिम हुनेछ ।

थप जानकारीको लागि यस परियोजना कार्यान्वयन इकाई, पर्साको कार्यालयको सम्पर्क नं ९८५५०३६४१२, ९८५५०३६४१५ मा सम्पर्क राख्न सकिने छ ।

..................

पुरुषोत्तम ब. रौनियार

नि. वरिष्ठ कृषि अधिकृत

" आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औधोगिकीकरण "